# मस्यौदा प्रतिवेदन

# विपद्जन्य फोहोरमैला व्यवस्थापन नीति तथा रणनीतिहरु

काठमाडौं

२०१६



## १) विषय प्रवेश

विपद्जन्य फोहोरमैला व्यवस्थापन राष्ट्रिय रणनीति (Disaster Waste Management National Strategy) प्राकृतिक सम्पदा तथा भौतिक संरचनाहरूको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्दै विपद् पश्चात निस्कने वा निस्कन सक्ने फोहारमैला व्यवस्थापन गर्न नेपाल सरकारको प्रतिबद्धतासहितको एक राष्ट्रिय दस्तावेज हो । विपद् तथा दैवी प्रकोप जस्ता घटनाहरु मानवीय तथा प्रकृतिक दुवै कारणले हुने हुँदा विपद्ले निम्त्याउने असर र क्षतिमा भने मानवीय कारणहरुलनै महत्वपूर्ण भूमिका खेल्दछन् । नेपालले पनि समयको अन्तरालमा दैवी र मानवीय विपद्हरुको सामना गर्दै आइरहेको छ । सम्भावित क्षति र उच्चतम जोखीममा रहेका कारण विपद्का समयमा निस्कने फोहरको प्रकृति, परिमाण र प्रभाव फरक रहने गरेको छ । जस्तै भुकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्रकोपका घटनाबाट छुट्टा छुट्टै प्रकृति र परिमाण फोहोर उत्पादन हुन्छ ।

नेपाल विश्वमै भुकम्पजोखिमका दृष्टीकोणले अति संवेदनशील क्षेत्रमा रहेको कुरा विभिन्न अध्ययनले औलाएका छन् । साथै जलवायु परिवर्तनको दृष्टिकोणले पनि नेपाल चौथो संकटासन्न राष्ट्रको सूचीमा पर्दछ । विगतमा भएका विपद्का घटनाबाट धेरै मात्रामा फोहोरमैला थुपारेको देखिएको छ तर यकिन तथ्या+क भने पाउन सकिएको छैन । तथापी २०७२ साल वैशाखमा गएको भूकम्पले ठूलो मात्रामा फोहर उत्सर्जन गरेको तर त्यसको उचित विसर्जन तथा व्यवस्थापनको पक्ष भने कमजोर रहेको बारेमा तत्कालिन छापाले प्रकाशनमा ल्याएको थियो तथा Post Disaster Need Assessment (PDNA) प्रतिवेदनले कुल उत्पादन भएको फोहोरको आंकलन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । जसअनुसार करिब नौ लाख घरहरु पूर्ण र आशिंक रुपमा क्षति भएका थिए । यससन्दर्भमा भूकम्पपछिका अस्थाई वासस्थानबाट निस्किएका फोहोर कसैको प्राथमिकतामा नपरेर व्यवस्थापन अन्यौलमा परेको थियो PDNA कै अनुसार भूकम्पका कारण चौध वटा अति प्रभावित जिल्लाहरुमा भत्केका भौतिक संरचनाबाट निस्केका फोहोरको मात्रा तथा त्यसको विसर्जनको लागि आवश्यक स्थलहरुको पहिचान गरियो तर आवश्यक नीतिको अभावले उपय'क्त सदुपयोग तथा व्यवस्थापन गर्न ठूलो चुनौति रह्यो । साथै दक्ष जनशक्तिको परिचालन तथा वजेट व्यवस्थापन, प्राकृतिक श्रोत माथिको दोहनलाई कम गर्न नीतिको तथा कार्यक्रमको अभाव टड्कारो देखिएको छ।

## २. **विगतका प्रयासहरु**

नेपालको पशि्चमी भागमा पर्ने गोर्खाको बार्पाकलाई केन्द्र बिन्दु बनाई वि.सं २०७२ साल बैशाख १२ तथा २९ गते गएको क्रमस: ७.८ र ७.३ रेक्टर स्केलको विनासकारी भुकम्प पश्चात तत्कालिन फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रले उक्त विपद्ले उत्पादन भएको फोहोरको प्रकृति, मात्रा तथा परिमाणको तथ्यांक संकलन तथा प्रभाव अध्ययन थालनी गरेको थियो । नेपालको इतिहासमै विपद्जन्य फोहोरमैला व्यवस्थापन सम्बन्धि अध्ययन यो पहिलो नै मानिन्छ । तत् पश्चात सोही अध्ययनको तथ्यांकलाई PDNA प्रतिवेदनमा समावेश गरिएको थियो ।

तत्कालिन फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रले विपद्जन्य व्यवस्थापनको सन्दर्भमा नीति नियम केलाउने अध्ययन गरी ऐन कानुनका कमि कमजोरी तथा त्यसमा विपद्जन्य फोहोरमैला व्यवस्थापन कसरी समेट्न सकिन्छ भनी घनिभुत रुपमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको थियो । विभिन्न समयमा गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट आएको सुझावलाई मनन गर्दै केन्द्रले विपद्जन्य फोहोरमैला व्यवस्थापनको लागि छुट्टै नीति, रणनीति तथा योजनाको आवश्यकता महसुस गर्‍यो । तत् पश्चात विभिन्न दातृ निकायसँग द्विपक्षिय बैठक आव्हान गरी आवश्यक सहयोगको लागि अनुरोध गरेको थियो । यसको फलस्वरुप संयुक्त राष्ट्रसंघको वातावरण कार्यक्रम ९ग्लभ्ए० बाट विपद्जन्य फोहोरमैला व्यवस्थापन नीति, रणनीति तथा योजना सन्

२०१५ मा तयार गरी सम्बन्धित मन्त्रालयमा आवश्यक कार्यवाहीको लागि पेश भएको थियो । साथै फोहोरमैला व्यवस्थापन तथा विपद् जोखिम व्यवस्थापनमा मूलप्रवाहिकरण गर्ने उद्देश्यले विभिन्न समयमा औपचारिक तथा अनौपचारिक छलफलहरु भएका थिए ।

## २) विपद्जन्य फोहोरमैला रणनीतिको आवश्यकता :

छोटो समय सिमा भित्र ठुलो मात्राको भग्नावशेष तथा फोहोरलाई पन्छाउन सक्ने स्रोत, साधन तथा जनशक्तिको अभाव ठूलो समस्याको रुपमा रहेको छ । राज्यसँग भैपरी योजना यस क्षेत्रको लागि अहिले सम्म नभएको, पून प्रयोग नीति व्यवस्थापन ल्याउन बजेटको पनि त्यतिकै समस्या देखिएको छ ।

यी सबै चुनौतिहरुलाई सामना गर्न विपदजन्य फोहर व्यवस्थापन नीति तथा रणनीतीको टड्कारो आवश्यकता महसुस गरिएको छ । यो नीतिले पूननिर्माण तथा नवनिर्माणको लागि सहयोग पुरयाउने अपेक्षा गर्न सकिन्छ । यस नीतिको प्रयोगबाट सरकारी तथा नीजी तवरबाट गरिने निर्माणका कार्यहरुलाई वातावरणमैत्री ढंगले परिमार्जन गर्न र भग्नावशेषबाट सृजित सामाग्रीलाई पुनःप्रयोग गरी प्राकृतिक स्रोत साधनको न्युनतम रुपमा खपत गरिने प्रतिबद्धता जनाउन सकिन्छ । यस तथ्यले राष्ट्रिय विपत्तिको चुनौतीलाई आर्थिक वृद्धि र दिगो विकासको अवसरको रुपमा परिमार्जन गरी अल्पविकसित मुलुकको स्तरबाट देशलाई सात वर्ष माथी उकास्नको लागि सहयोग गर्नेछ । यस रणनीतीले वातावरणीय स्रोत र साधनको पुन प्रयोगबाट जलवायु परिवर्तनमा पर्नसक्ने प्रतिकुल प्रभावबाट जोगाउन पनि मद्दत गर्नेछ ।

### ७) चुनौती तथा अवसरः

### चुनौतिः

- वातावरण संरक्षण ऐन, फोहोरमैला व्यवस्थापन ऐन, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, वातावरण तथा फोहोरमैलासँग सम्बन्धित अन्य ऐन तथा नीतिहरुले यथोचित सम्बोधन नगरेको ।
- संस्थागत संरचना प्रष्ट नभएको तथा नेपाल सरकारको योजना तथा कार्यक्रमले प्राथमिकता नपाएको ।
- अन्तरसरकारी समन्वय तथा वैदेशिक सहयोग परिचालन नीतिको अभाव ।
- सामान्य प्रकृतिको फोहोरमैला व्यवस्थापनको लागि नै जनशक्ति अभाव भएको अवस्थामा विपद्जन्य फोहोर विशेष प्रकृति र छोटो समयमै ठूलो परिमाणमा निस्कासन हुने भएकोले भएकै जनशक्तिको संख्या, क्षमता तथा दक्षता नपुगेको ।
- विपद्जन्य फोहोरमैला प्रशोधन तथा व्यवस्थापनको लागि आवश्यक स्रोत तथा प्रविधिको कमि ।
- आम नागरिकको कम बुझाईका कारण कम चासोको विषय बनेको ।

### अवसरः

- विपद्जन्य फोहोरमैलाको समस्यालाई पहिचान गर्दै राष्ट्रको पञ्चवर्षिय १५ औं योजनामा समावेश भएको ।
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले केही हदसम्म सम्बोधन गरेको ।
- पछिल्लो समयमा विपद्जन्य फोहोरलाई समस्याको रुपमा पहिचान गरी सो को प्रसोधनलाई नयाँ प्रविधि भित्राउन नीजि क्षेत्र लगानी गर्न उत्सुक देखिएको ।
- सुरक्षित बस्ति विकासका गुरुयोजनाहरु तयार भैरहेको ।
- अन्तराष्ट्रिय दातृ निकायहरुको पनि चासोको विषय बनेको तथा लगानी गर्न तयार रहेको ।

## ३) परिकल्पना:

सफा, सुरक्षित गाउँ तथा शहर निर्माणका लागि विपद् जन्य फोहोरमैलाको वैज्ञानिक ढंगले व्यस्थापन गर्दै दीगो विकासका लक्ष्यहरु हासिल गर्ने ।

## ४) सोच:

अन्तरसरकारी संयन्त्र लगायत अन्य सरोकारवाला संघ, संस्थाहरुको संयुक्त संलग्नता, पहल, समन्वय तथा सहभागितामा पुन चक्रिय प्रयोग र सुरक्षित विसर्जनको सुनिस्चितता गर्दै विपद् जन्य फोहोरको दीगो व्यवस्थापन गरिनेछ ।

## ५) उद्देश्य:

क) प्रकोपजन्य फोहोरमैला व्यवस्थापनलाई विध्यमान वातावरण तथा विपद संग सम्बन्धित ऐन, कानुन सँग आन्तरिकरण गर्ने ।

ख) वातावरणिय, आर्थिक तथा सामाजिक जोखिम न्यूनिकरण गर्नका लागि नीजि सार्वजनिक साझेदारीबाट नविनतम प्रविधि प्रवर्धन गरी विपद् जन्य फोहोरमैलाको प्रशोधन गर्ने ।

ग) विपद् जन्य फोहोरमैला उत्पादनमै न्यूनिकरण गर्ने ।

घ) विपद्बाट उत्पादित अति हानिकारक फोहोरको वैज्ञानिक ढंगले विसर्जनको लागि आवश्यक प्रविधि तथा भौतिक पुर्वाधारको विकास गर्ने ।

## ६) अपेक्षित उपलब्धिहरु:

| तह | लक्षित बर्ष | अपेक्षित उपलब्धिहरु |
|---|---|---|
| | | |
| प्रारम्भिक चरण | सन् २०२० देखि २०२२ | • नीति तथा कार्यनीति निर्माण हुनेछ ।<br>• सम्बन्धित अन्य क्षेत्रगत नीतिहरुमा विपद्जन्य फोहोरमैला व्यवस्थापन आन्तरीकरण गरिनेछ ।<br>• विपद्जन्य फोहोरमैला व्यवस्थापनमा कार्य गर्न सम्भावित सरोकारवालाहरु पहिचान गरी क्षमता अभिवृद्दिको कार्यक्रमको सुरुवात गरिनेछ ।<br>• विपद्जन्य फोहोरमैला उत्पादनमा कमि ल्याउन तथा उत्पादन पश्चात व्यवस्थापनका लागि आधारभुत जनचेतनाको सुरुवात हुनेछ । |
| दोस्रो चरण | सन २०२० देखि २०२७ | • विपद् जन्य फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित संघसंस्थाको क्षमता अभिवृद्दि गरिनेछ<br>• विपद्जन्य फोहोरमैला उत्पादनमा कमि ल्याउन तथा उत्पादन पश्चात व्यवस्थापनका लागि आधारभुत जनचेतना फैलाइनेछ ।<br>• विपद्जन्य फोहोरमैला उत्पादनमा कमि ल्याउन तथा उत्पादन पश्चात व्यवस्थापनका लागि भवन निर्माण मापदण्ड लगायत भौतिक पूर्वाधार मापदण्ड का बारेमा जानकारी दिइनेछ ।<br>• विपद्जन्य फोहोरमैला व्यवस्थापनमा एकिकृत फोहोरमैला व्यवस्थापनको सिद्दान्तलाई अवलम्बन गरिनेछ ।<br>• सबै तहका सरकारहरुमा विपद्जन्य फोहोरमैला व्यवस्थापनको लागि बजेट विनियोजनका लागि पहल हुनेछ ।<br>• विपद्जन्य फोहोरमैला व्यवस्थापनको अनुगमन तथा मूल्यांकन प्रारुप तयार हुनेछ । |
| अन्तिम चरण | सन २०२० देखि २०३० | • विपद्जन्य फोहोरमैला व्यवस्थापनको अनुगमन तथा मूल्यांकन प्रारुपको |

| | | |
|---|---|---|
| | | कार्यान्वियन हुनेछ ।<br>• दीगो विपद्जन्य फोहोरमैला व्यवस्थापन हुनेछ । |

## ८) नीतिहरुः

१) सम्बन्धित सरकारी, गैर सरकारी तथा दातृ निकायहरुसँग समन्वय गरी बन्दै गरेका, परिमार्जन क्रममा रहेका ऐन, स्थापित ऐन तथा कानूनमा अनिवार्य रुपमा परामर्श लिने तथा दिने ।

२) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, प्रदेश विपद व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानिय विपद् व्यवस्थापन समितिका काम कर्तव्य भित्र विपद्जन्य फोहोमैलाका समस्यालाई सम्बोधन गराउने ।

३) एकिकृत फोहोरमैला व्यवस्थापनको सिद्दान्तलाई अवलम्वन गर्दै विपद्जन्य फोहोमैला व्यवस्थापन गराउने ।

४) विपद्जन्य फोहोमैलाको दीगो व्यवस्थापनको लागि विभिन्न विपद्का विषयमा तथा त्यसबाट सिर्जित फोहोरका बारेमा अध्ययन र अनुसन्धान गर्ने ।

५) विपद्जन्य फोहोमैलाको दीगो व्यवस्थापनका लागि वातावरण मैत्री प्रविधिको प्रयोग गरी प्रशोधन र अन्तिम विसर्जन गर्ने ।

६) विपद्जन्य फोहोमैला व्यवस्थापनका कार्यमा सरकारी, दातृ निकाय, गैर सरकारी, नीजि क्षेत्र तथा स्थानिय समुदायको साझेदारी र भुमिकाको क्षेत्रगत आवश्यकता अनुरुप जिम्मेवारी सहित प्रभावकारी बनाउने ।

७) ) विपद्जन्य फोहोरमैला उत्पादनमै कमि ल्याउनको लागि विपद न्यूनिकरणका तथा सुरक्षित वस्ति विकासका अवधारणालाई प्रवर्धन गर्ने ।

८) हानिकारक फोहोर उत्पादनमा कमि ल्याउनका लागि वातावरण मैत्री निर्माणसामग्रीलाई प्रोत्साहन गर्ने तथा अति हानिकारक फोहोरमैला व्यवस्थापनका लागि वातावरण मैत्री, एकिकृत फोहर प्रशोधन केन्द्रको स्थापना तथा व्यवस्थापन गर्ने ।

९) विभिन्न क्षेत्र (विपद्जन्य फोहोर सहित) बाट सिर्जित हानीकारक फोहोरमैला व्यवस्थापनका लागि एकिकृत योजना मार्फत वैज्ञानिक प्रविधि अपनाई साझा विसर्जन स्थलको निर्माण गर्ने ।

## ९) विपद्जन्य फोहरमैला व्यवस्थापनका रणनीतिः

### ९.१. लक्ष्यः

दीगो विकासका लक्ष्य प्राप्तिका लागि विपद् जन्य फोहोरमैला व्यवस्थापन गर्दै वातावरण तथा प्राकृतिक स्रोतको जगेर्ना गर्न ।

### ९.२. मार्गनिर्देशक शिद्दान्तः

१) न्यूनिकरण, पुन प्रयोग तथा पुन चक्रिय

२) हरित अर्थतन्त्र

३) चक्रिय प्रणाली आधारित अर्थतन्त्र

## ९.३. उद्देश्यहरु:

१) विपद् जन्य फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित नीति निर्माण गर्ने ।

२) विपद् जन्य फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित संघसंस्थाको क्षमता अभिवृद्दि गर्ने ।

३) विपद् जन्य फोहोरमैला उत्पादन कमि गर्ने ।

४) एकिकृत फोहोरमैला व्यवस्थापनको सिद्दान्तलाई अवलम्वन गर्दै विपद्जन्य फोहोरमैला वैज्ञानिक तथा सहज ढंगले व्यवस्थापन गर्ने ।

५) विपद् जन्य फोहोरमैला व्यवस्थापनका लागि आवश्यक वित्त व्यवस्थापन गर्दै आवश्यक भौतिक पूर्वाधार तथा प्रविधि प्रयोग गर्ने ।

६) विपद् जन्य फोहोरमैला व्यवस्थापनबाट वातावरण तथा जनस्वास्थमा पर्ने प्रतिकुल असर कम गर्नका लागि अनुगमन तथा मूल्यांकन प्रारुप बनाउने ।

## ९.४. उद्देश्य प्राप्तिका रणनीतिहरु:

१) विपद्जन्य फोहोरमैला व्यवस्थापनका लागि नीति निर्माण गर्ने ।

१.१. प्रकोपजन्य फोहोरमैला व्यवस्थापनलाई विद्यमान वातावरण तथा विपद संग सम्बन्धित ऐन, कानुन सँग आन्तरिकिरण गर्नको लागि कानुन पुनरावलोकन समिति गठन गर्ने ।

१.१.१. फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित विद्यमान ऐन कानुनहरु पहिचान, अध्ययन गर्दै आवश्यक संसोधनको लागि सुझाव दिदै मस्यौदा पेश गर्ने ।

२. विपद् जन्य फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित संघसंस्थाको क्षमता अभिवृद्दि गर्ने ।

२.१. फोहोरमैला सँग सम्बन्धित संघसंस्थाहरुको पहिचान तथा विश्लेषण गर्ने ।

२.१.१. फोहोरमैला सँग सम्बन्धित संघसंस्थाहरुको क्रमबद्द तालिका बनाउने ।

२.१.२. फोहोरमैला सँग सम्बन्धित संघसंस्थाहरुको काम, कर्तव्य र अधिकार अध्ययन गर्ने ।

२.१.३. फोहोरमैला सँग सम्बन्धित संघसंस्थाहरुका प्रशासनिक तथा प्राविधिक क्षमताको अध्ययन गरी आवश्यक क्षमता अभिवृद्दिका कार्यक्रमहरु तयार गर्ने ।

२.१.४. फोहोरमैला व्यवस्थापनमा संलग्न जनशक्तिलाई विपद्जन्य फोहोरमैला व्यवस्थापन गर्न आवश्यक क्षमता अभिवृद्धि गर्ने ।

३) विपद् जन्य फोहोरमैला उत्पादनमा कमी गर्ने ।

३.१. व्यवस्थित र सुरक्षित वस्ति तथा भौतिक पूर्वाधार निर्माण गर्ने ।

३.१.१. भू-उपयोग वर्गिकरण अनुसार वस्ति तथा भौतिक पूर्वाधार निर्माणलाई प्रवर्द्दन गर्ने ।

३.१.२. भवन तथा भौतिक पूर्वाधार निर्माण मापदण्ड अनुरुप भवन निर्माण गर्ने ।

३.१.३. भवन तथा भौतिक पूर्वाधार निर्माणमा स्थानिय निर्माण सामग्रीको प्रयोग गर्ने ।

३.१.४. सूचना प्रविधिको माध्यमबाट विपद्जन्य फोहोरमैला सम्बन्धि जनचेतना फैलाउने ।

४) एकिकृत फोहोरमैला व्यवस्थापनको सिद्दान्तलाई अवलम्वन गर्दै विपद्जन्य फोहोमैलाको वैज्ञानिक ढंगले व्यवस्थापन गर्ने ।

४.१. विपद्जन्य फोहारेमैला न्यूनीकरण गर्न पुन प्रयोग गर्ने

४.१.१. अस्थायी संकलन स्थल पहिचान गर्ने ।

४.१.२. फोहोर वर्गिकरण गर्ने

४.१.३. प्रशोधनको लागि उपयुक्त वातावरण मैत्री प्रविधिको छनौट गर्ने ।

४.१.४. नीजी, सामुदायिक तथा दातृ निकायहरुको लगानी सुनिश्चित गर्ने ।

४.१.५. विपद्बाट उत्पादित फोहरमैला व्यवस्थापन गर्दै रोजगारी सिर्जना गर्ने ।

५) विपद् जन्य फोहोरमैला व्यवस्थापनका लागि आवश्यक वित्त तथा वित्तिय प्रणालीको व्यवस्थापन गर्ने ।

५.१. केन्द्रिय, प्रादेशिक तथा स्थानिय तहका सरकारमा रहेको विपद् व्यवस्थापन कोषलाई विपद्जन्य फोहोरमैला व्यवस्थापनका लागि पनि सदुपयोग गर्ने ।
५.१.१. विपद्जन्य फोहोरमैला र विपद् व्यवस्थापनका अन्तरसम्बन्धका बारेमा चनचेतना कार्यक्रम सञ्चालन गर्ने । साथै सरोकारवाला निकायहरुलाई समन्वय गर्ने ।
५.१.२. तीनै तहमा रहेका विपद् व्यवस्थापन कोषलाई फोहोर न्यूनिकरण तथा पुनः चक्रिय प्रयोगका नविनतम प्रविधि कार्यान्वयनमा परिचालन गर्ने ।
५.१.३. सरकारी, गैर सरकारी, नीजि तथा सामुदायिक क्षेत्रका क्षमता अभिवृद्दि गर्न परिचालन गर्ने ।
५.१.४. विपद्जन्य फोहोरमैला र विपद् व्यवस्थापनका बारेमा अध्ययन अनुसन्धान गर्ने ।

५.२. केन्द्रिय, प्रादेशिक तथा स्थानिय तहका सरकारले विपद्जन्य फोहोरमैला व्यवस्थापनमा वजेट विनियोजन गर्ने ।
५.२.१. केन्द्रिय तहका केन्द्र मन्त्रालय र विभाग मार्फत नीति निर्माण, परिमार्जन तथा प्रविधि सञ्चालन र मर्मत संभारका लागि बजेट विनियोजन गर्ने ।
५.२.२. प्रदेश केन्द्र मन्त्रालय मार्फत विपद्जन्य फोहोरमैला व्यवस्थापन प्रशोधन केन्द्र स्थापना गर्नको लागि आवश्यक भौतिक पूर्वाधार विकास गर्न बजेट विनियोजन गर्ने ।
५.२.३. स्थानिय तहहरुलाई आपतकालिन फोहोरमैला व्यवस्थापनको संकलन, आपलकालिन संकलन केन्द्र स्थापना तथा ढुवानीको लागि आवश्यक सवारी साधन तथा जनशक्ति परिचालनको लागि बजेट विनियोजन गर्ने ।

६) विपद् जन्य फोहोरमैला व्यवस्थापनबाट वातावरण तथा जनस्वास्थमा पर्ने प्रतिकुल असर कम गर्नका लागि उपलब्धिमुलक अनुगमन तथा मूल्यांकन प्रारुप बनाउने ।

६.१. अनुगमन तथा मूल्यांकनको लागि सम्बन्धित सरोकारवाला संघ सस्थाहरु समेटी समिति बनाउने ।

६.१.१. केन्द्रिय स्तरमा मन्त्रालयका सह सचिवको संयोजकत्व तथा बहुसरोकारवाला तथा विज्ञहरुको सहभागितामा एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

६.१.२. प्रदेश स्तरमा मन्त्रालयका सह सचिवको संयोजकत्व तथा बहुसरोकारवाला तथा विज्ञहरुको सहभागितामा एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

६.१.३. स्थानिय तहमा नगर प्रमुखको संयोजकत्व तथा बहुसरोकारवाला तथा विज्ञहरुको सहभागितामा एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

६.२. विपद् जन्य फोहोरमैला व्यवस्थापन अनुगमन तथा मूल्यांकन सहजताको लागि निर्देशिका तयार गर्ने ।

६.२.१. अन्तराष्ट्रिय अभ्यासलाई आत्मसाथ गर्दै विपद्जन्य फोहोरमैला व्यवस्थापनका तत्वहरुको सूचक अध्ययन अनुसन्धान गरी सम्बन्धित समितिमा पेश गर्ने ।

६.२.२. विपद् जन्य फोहोरबाट हुन सक्ने मानविय तथा भौतिक क्षति न्यूनिकरणको लागि वैज्ञानिक मापदण्ड तयार गर्ने ।

६.२.३. अति हानिकारक फोहोरमैला अन्तिम विसर्जन स्थलको आवश्यक मापदण्ड तयार गर्ने ।

६.३. विपद्जन्य फोहोरमैला व्यवस्थापनको नियमित अनुगमन मूल्यांकन गर्ने ।

६.३.१. विपद्का प्रकृति अनुसार वर्षमा कम्तिमा दुई पटक (वर्षायाममा तथा सुख्खायाममा) अनुगमन मूल्यांकन गर्ने ।

६.४. विपद्जन्य फोहोरमैला व्यवस्थापनको अनुगमन मूल्यांकन कार्यको लागि बजेट विनियोजन गर्ने ।

६.४.१. केन्द्रिय स्तरमा केन्द्र मन्त्रालय/विभागले अनुगमन तथा मूल्यांकन कार्यको लागि बजेट विनियोजन गर्नेछ ।

६.४.२. प्रदेश स्तरमा सम्बन्धित मन्त्रालयले अनुगमन तथा मूल्यांकन कार्यको लागि बजेट विनियोजन गर्नेछ ।

६.४.३. स्थानिय तहमा पालिकाहरुले अनुगमन तथा मूल्यांकन कार्यको लागि बजेट विनियोजन गर्नेछ ।

## सस्थागत संरचना

## नीति तथा रणनीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानिय तहको भूमिका

यस नीति तथा रणनीतिको परिधिमा रही प्रदेश र स्थानिय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरु प्रदेश र स्थानिय तहले आ आफ्नो नीति तथा कानुनमा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । यने नीति तथा रणनीतिको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका निम्न बमोजिम हुनेछ ।

### संघ

(क) यो नीति अनुरुप कानून र मापदण्डहरु तयार गरी लागु गर्ने, गराउने ।

(ख) अन्तरर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरुपका फोहोरमैलासँग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरु विपद्जन्य फोहोरमैलालाई पनि एकिकृतरुपमा तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) विपद्जन्य फोहोरमैलासँग सम्बन्धी द्विपिक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय वित्तिय श्रोतहरुमा पहुँच बढाउने तथा राष्ट्रिय श्रोतको समेत पहिचान गरी परिचालन गर्ने, गराउने ।

(घ) राष्ढिय तथ्यांकहरु अद्यावधिक गर्ने साथै प्रतिवेदनहरु तयार गरी सम्बन्धित राष्ट्रिय, अन्तराष्ढिय संस्थामा पेश गर्ने ।

(च विपद्जन्य फोहोरमैलासंग सम्बन्धित अन्तराष्ढिय प्रक्रियामा सहभागिता र समन्वय गर्ने ।

### प्रदेश

(क) यो नीति अनुरुप प्रदेशस्तरीय नीति, निर्देशिका, मापदण्ड र योजनाहरुतयार गरी लागु गर्ने, गराउने ।

(ख) प्रदेशभित्र संचालित फोहोरमैला व्यवस्थापन तथा विपद् जोखिम व्यवस्थापनमा विपद्जन्य फोहोरमैलालमई समावेश गरी अनुगमन र मूल्यांकन गर्ने, गराउने ।

(ग) विपद्जन्य फोहोरमैला सम्बन्धित कार्यक्रम तथा परियोजना तर्जुमा र कार्यान्वयन गर्न संघ तथा स्थानीय तहसंग समन्वय गर्ने ।

**स्थानीय तह**

(क) यो नीति अनुरुप जलवायु परिवर्तन व्यवस्थापनको निम्ति स्थानीय योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ख) संघिय तथा प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरु, गैर सरकारी संस्था, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्था लगायतका सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा विपद्जन्य फोहोरमैला व्यवस्थापनका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(ग) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम र परियोजनाहरुको अनुगमन, मूल्यांकन र अभिलेखिकरण गर्ने ।

(घ) सामान्य अवस्थाका फोहोरमैला तथा विपद्जन्य फोहोरमैला सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने ।

## १२. अनुगमन, मूल्याङ्कन र पूनरावलोकन

(क) सबै साझेदार सरोकारवालाहरुको उत्तरदायित्व सुनिश्चित गर्न, सार्वजनिक जागरुकता र सहभागिता बढाउन र सूचनामा पहुँच स्थापित गर्नपारदर्शिता तथा उत्तरदायित्व ढाँचा तयार गरिनेछ ।

(ख) फोहोरमैला व्यवस्थापन तथा विपद् जोखिम न्यूनिकरणमा भएका लगानी एवं सहयोगको आवश्यक तथ्याङ्क सङ्कलन, त्यसको समयानुकूल सूचना प्रवाह र प्रतिवेदनहरूलाई व्यवस्थित गरिनेछ ।

(ग) नीतिको कार्यान्वयन सम्बन्धमातीनै तहहरुमातहत् तत् सरकारको नेतृत्वमा सरोकारवाला संघसंस्थाहरु सम्मिलित संयन्त्रहरुको गठन गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

(घ) अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरु स्थानीय तहबाट प्रदेश सरकारका सम्बन्धित मन्त्रालय हुँदै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आउने र उक्त मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने गरी व्यवस्था मिलाइनेछ ।

(ङ.) यो नीतिको पूनरावलोकन प्रत्येक पाँच वर्षमा गरिनेछ ।